माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

माण्डवी गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८० भदौ ६ गते बसेको बैठकका निर्णयहरु

**प्रस्ताव तथा निर्णयहरु**

१. स्वर्गद्वारी अपडेटमा प्रकाशित समाचार र त्यसबाट विकसित घटनाक्रम सम्बन्धमा ।

क) स्वर्गद्वारी अपडेटमा मिति २०८० भदौ ४ गते प्रकाशित माण्डवीका प्रशासकीय प्रमुखले सम्झौता विपरित रकम मागेको आरोप सम्बन्धमा समाचारको स्रोत बताईएका निर्माण व्यवसायी, समाचार सम्प्रेषण मिडियाका पत्रकार, आरोप लगाईएका माण्डवी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र कार्यपालिकाका उपलब्ध सदस्यहरुबीच उठेको विषयबस्तुमा छलफलका लागि मिति २०८० भदौ ६ गते फोन सम्पर्क मार्फत उल्लेखित सबैलाई आमन्त्रण गरिएको । बैठकमा संचारकर्मी उपस्थित नभएको हुँदा समाचार सम्प्रेषण गर्ने मिडियाका पत्रकारले भोलि मिति २०८० भदौ ७ गते दिनको १ बजे भित्र समाचारमा उल्लेख भए अनुसारका आरोप प्रमाणित गर्ने प्रमाण सहित उपस्थित हुन पत्राचार गर्ने निर्णय गरियो ।

ख) त्यस्तै निर्माण व्यवसायी सलिना निर्माण सेवाका संचालक पनि कार्यपालिका बैठकमा उपस्थित नभएको हुदा उक्त निर्माण व्यवसायका संचालकले भोलि मिति २०८० भदौ ७ गते दिनको १ बजे भित्र समाचारमा उल्लेख भए अनुसारका आरोप प्रमाणित गर्ने प्रमाण सहित उपस्थित हुन पत्राचार गर्ने निर्णय गरियो । राज्यलाई बुझाउनुपर्ने कर रकम बाहेक अन्य रकम प्रमुख प्रशासकीय अधिकृतले निर्माण व्यवसायीसँग व्यक्तिगत स्वार्थमा मोलाहिजा गरेको ठहर भए कानुनी बमोजिम कारबाहीको प्रक्रिया अगाडी बढाउने तथा समाचार सम्प्रेषक तथा निर्माण व्यवसायीले गलत नियतले चरित्र माथि असर गर्ने गरि समाचार सम्प्रेषण गरेको पाईएमा प्रचलित कानुन अनुसार कारबाही प्रक्रिया अगाडी बढाउने र गाउँ कार्यपालिकाले कुनै सम्झौता नगरी निष्पक्ष छानबिनका लागि सहयोग गर्ने निर्णय गरियो ।

२०८०।०५।०६

प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत